# खनियाबास गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
दार्खा, धादिङ
बागमती प्रदेश, नेपाल


पत्र संख्या : ०७७/०७८
चलानी नं.

मिति :२०७७/०९/१५

**प्राविधिक शिक्षा अध्ययनका लागि छात्रवृत्ति प्राप्त गर्न आवेदन दिने सम्बन्धि अत्यन्त जरुरी सूचना ।**

**प्रथम पटक प्रकाशित मिति : २०७७/०९/१५**

यस गाउँपालिकाको कार्यपालिका बैठकबाट पारित भई राजपत्रमा प्रकाशित भएको प्राविधिक शिक्षा अध्ययनको लागि छात्रवृत्ति कोष संचालन सम्बन्धी कार्यविधि २०७७ अनुसार पालिकाभित्र स्थायी बसोबास गर्ने र प्राविधिक शिक्षा अध्ययन गरिरहेका इच्छुक विद्यार्थीहरुबाट तपसिल बमोजिमको कागजातहरु संलग्न गरी सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र गाउँपालिकामा आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । रीतपूर्वक नआएका र म्याद नाघी आएका आवेदनहरु उपर कुनै कारबाही नगरिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**आवेदनसाथ पेश गर्नुपर्ने कागजातहरू :**

क) S.L.C वा SEE उत्तीर्ण गरेको प्रमाणपत्रहरु ।

ख) S.L.C वा SEE उत्तीर्ण गरेको विद्यालय, सामुदायिक विद्यालय हो भनि प्रमाणित गरिएको कागजात ।

ग) प्राविधिक विषयमा भर्ना भई निरन्तर अध्ययनरत रहेको सम्बन्धित शिक्षालय वा क्याम्पसको पत्र ।

घ) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।

ङ) यसै गा.पा.को स्थायी बासिन्दा भएको र आर्थिक रुपमा विपन्न भएको सम्बन्धित वडाको सिफारिस ।

च) महिला/दलित/अपाङ्गता भएका आवेदकहरुलाई विशेष ग्राह्यता दिईनेछ ।

**आवेदन पेश गर्ने अन्तिम मिति : २०७७/०९/२९**

अन्य जानकारीका लागि गाउँपालिका कार्यालय, शिक्षा, युवा तथा खेलकुद शाखामा सम्पर्क राख्नुहुन । सर्म्पक नं. : ९८५१११०२००

..................
बालकृष्ण नेपाली
प्रमुख प्रशासकीय अधिकृत